# बाणगङ्गा नगरपालिका

**दोस्रो नगरसभामा प्रस्तुत समिक्षात्मक प्रगति विवरण**

सभाध्यक्षज्यू,
प्रमुख अतिथिज्यू,
जिल्ला समन्वय समिति, कपिववस्तुका उपसंयोजकज्यू,
नगर उपप्रमुखज्यू,
नगर कार्यपालिकाका सदस्यज्यूहरु
नगर सभाका सदस्यज्यूहरु,
नगरपालिकाका कर्मचारीहरु,
पत्रकारज्यूहरु,
भद्र महिला एवं सज्जनवृन्द !

नगरपालिकाको दोस्रो नगरसभाको उद्घाटन सत्रको अवसरमा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु । यस गरीमामय सभामा उपस्थित भइ नगरपालिकाको समग्र पक्षहरुको समिक्षात्मक प्रगति विवरण प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी छु ।

नेपालको संविधान, २०७२ अनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा जनप्रतिनिधी मार्फत कानुन बनाइ कार्यान्वयन गर्न सक्ने अधिकार निहित छ । देशमा स्थानीय तहसम्म नागरिकको अधिकारको सुनिश्चितता तथा आर्थिक सामाजिक समृद्धिका लागि भएका विभिन्न प्रयासहरुको उच्च मुल्यांकन गर्न चाहन्छु ।

राज्यको पुनर्संरचना पश्चात् स्थानीय तहहरुको गठन भै पद्दतिगत तवरले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गरिरहेका छन् । नेपालको संविधानले परिकल्पना गरेको **"सिंहदरबारको अधिकार गाउँगाउँमा"** भन्ने राज्यको मुल नारालाई सार्थक रुपमा जनमानसमा पुऱ्याउन विभिन्न समस्याहरुसँग मुकाबिला गर्दै हामी अगाडी बढिरहेका छौं । आज यस घडिमा स्थानीय तहलाई आवश्यक पर्ने कानून आफै तर्जुमाका लागि यस सभामा विभिन्न विधेयकहरु पेश हुन गइरहेका छन् । जुन बाणगङ्गा नगरपालिकाको पहिलो अनुभव र अवसर समेत हो । यसै सन्दर्भमा देहायमा उल्लेखित विधेयकहरु विभिन्न चरणमा सरोकारवालाहरुसँग छलफल गरी कार्यपालिकाबाट स्वीकृत भइ सभामा छलफलका लागि कार्यसूचिमा राखिएको छ ।

तपशिल

१. वाणगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४
२. वाणगंगा नगरपालिकाको सहकारी विधेयक, २०७४
३. वाणगंगा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७४
४. वाणगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने बनेको विधेयक, २०७४
५. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपानाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४
६. बाणगङ्गा नगरपालिकाको शिक्षा विधेयक, २०७४

**सभाध्यक्ष, नगरसभाका सदस्यहरु तथा उपस्थित आदरणीय महानुभावहरु**

अब म चालु आर्थिक बर्ष २०७५/७५ मा हालसम्म भएका मुख्य मुख्य प्रगतिहरुको सुक्ष्म संक्षेप, समस्या तथा चुनौति र सम्भावनाहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।